# रतुवामाई नगरपालिकाको
# आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

**रतुवामाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिजुवा, मोरङ**

# पूर्वाधार विकास

## सडक यातायात

१. रतुवमाई नगरपालिकाको Life line को रुपमा रहेको जि.पि मार्ग र मदन भण्डारी मार्ग निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

२. नगरपालिका क्षेत्रका मुख्य र महत्वपूर्ण सडक हरुलाई संघ प्रदेश साझेदारीमा कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईने छ।

३. कट्नु खोला करिडोर,कजला खोला करिडोर निर्माणका लागी आवश्यक पहल गरिनेछ।

## भवन निर्माण तथा वस्ती विकास

१. नगरपालिकाको मुख्य प्रशासकिय भवनको कार्यलाई आउदो आ.ब सम्म संचालन गर्न सकिने गरी द्रुत गतीमा काम लाई अघी बढाइनेछ ।

२. आमबारी बजारक्षेत्रलाई नमुना बजारको रुपमा बिकास गरी त्यसलाई सौन्दर्यकरण गरिनेछ।

३. नगरपालिका भित्र निर्माण हुने सामुदायिक भवनहरुलाई पहुचको भरमा नभई आवश्यकता, औचित्यता र दिगोपनालाई आधार मानेर मात्र निर्माण गरिने नीति लिईने छ।

४. रतुवामाई नगरपालिकामा निर्माण गर्न बाँकी रहेका वडा कार्यालयहरुको निर्माण कार्य लाई द्रुतता दिइनेछ ।

५. नगरपालिका क्षेत्र हुने वस्ती विकासको कार्यलाई भू-उपयोग योजना अनुसार गर्दै लगिनेछ।

६. नक्सा पास गरेर मात्र घर निर्माण गर्ने कार्यलाई कडाईका साथ लागु गरिने छ।

## विद्युतीकरण तर्फ :

१. रतुवामाई नगरपालिका अन्तर्गत पर्ने हुलाकी राजमार्ग तथा कटूम्बगंज- सोमबारे सडक खण्डमा सडकबत्ती जडान गर्ने कार्य अघि बढाइनेछ।

२. विद्युतीय सेवा नपुगेका सबैल टोल वस्तीहरुमा विद्युत सेवाको पहुँच पुर्याउन आवश्यक व्यवस्था मिलाउदै लगिनेछ।

३. रतुवामाई नगरपालिका अन्तर्गत भएका कृषकहरुलाई सिंचाई मिटरको विद्युत महशुलमा अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ।

४. कृषि उत्पादनका लागि आवश्यक सिंचाई सुविधा उपलब्ध गराउन विद्युतीकरण गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

५. रतुवामाई नगरपालिका भित्र संचालित विद्युत सेवालाई नियमित गुणस्तरिय तथा समस्या मुक्त बनाउन आवश्यक पहल गरिनेछ।

## विपद् व्यवस्थापन तथा नदि नियन्त्रण :

१. नगर क्षेत्र भित्र नदिलाई नियन्त्रण गर्न स्थायी तटबन्ध निर्माणका लागि आवश्यक पहल गरिनेछ।
२. रतुवामाई नगरपालिकामा बढ्दो आगलागी जन्य घटनालाई मध्यनजर गर्दै बारुणयन्त्र व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ।
३. रतुवामाई नगरपालिकामा विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्बन्धित निकायसंग सहकार्य गरी विपद् प्रतिकार्य कार्ययोजना निर्माण गरी लागू गरीनेछ।
४. रतुवामाई नगरपालिकाका सवै वडामा विपद् प्रतिकार्य स्वयमसेवक टोली निर्माण गरी विपद् व्यवस्थापन सम्बन्धी आवश्यक तालिम उपलब्ध गराइनेछ।

## साप्ताहिक तथा दैनिक हाटबजार तथा व्यवसाय संचालन

१. नगरपालिकाक भित्रका हाटबजारहरुलाई नगरको मातहतमा ल्याइनेछ।
२. मुख्य मुख्य हाटबजारलाई प्रवर्धन गर्ने निति अवलम्बन गरिनेछ।
३. हाटबजारको सौन्दर्यकरणमा बिशेष जोड दिइ बजारबाट उत्पादनहुने फोहोरमैलालाई व्यवस्थित गरिनेछ।
४. हाट बजारमा बिक्रि हुन नसकेका कृषकका कृषि उपज भण्डारणका लागी वडा नं -४ झुर्कियामा रहेको मिनि कोल्डस्टोर लाई संचालनमा ल्याइनेछ।

## पर्यटन पूर्वाधार तथा संस्कृति संरक्षण

१. रतुवामाई नगरपालिकाको पर्यटन गूरुयोजना निर्माण गरी सोही बमोजिम पर्यटन पुर्वाधारको विकास गर्दै जाने निति अवलम्बन गरिनेछ।
२. सुनबर्षि पोखरीको पौराणिक महत्व झल्कने गरी धार्मिक पर्यटकिय क्षेत्रको रुपमा प्रवर्धन गरिनेछ।
३. रतुवामाई नगरपालिका भित्र रहेका भल्खुवा जंगल, सोनामाइ पोखरी, सुनबर्षि महाराजथान, जोरपोखरी, ओमकारेश्वर शिव पंचायन मन्दिर, विश्वनाथ धाम मन्दिर , मदन भण्डारीको घर, मदन आश्रीत पार्क, जनता बाँध सिमसार, सुनमहारानी पोखरी लगायतका पर्यटकिय क्षेत्रहरुको प्रवर्धन तथा विकास गरिनेछ।

# आर्थिक विकास

## कृषि क्षेत्र

१. कृषकहरुको कृषि बालीको नियमित प्राविधिकहरुबाट जाँच तथा निरिक्षण गर्ने व्यवस्था गरिनेछ। साथै सामुहिक खेति गर्ने कृषक समुहहरुलाई निशुल्क बाली बिमाको व्यवस्था गरिनेछ।
२. प्लान्ट क्लिनिक सञ्चालन गरी बाली बिरुवामा लाग्ने रोग किराहरुको प्रकोप व्यवस्थापन गर्न सहयोग गरिनेछ।

३. प्राङगारीक खेति प्रवर्धन गर्नका लागी क्लष्टर रुपमा भकारो सुधार कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।
४. आधुनिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. कृषिमा आधारित घरेलु उद्यम स्थापना गर्न प्रोत्साहन गरिनेछ।
६. रतुवामाई नगरपालिका वडा नम्बर ९ मा निर्माणाधीन विउविजन भण्डार गृहलाई सञ्चालनमा ल्याई स्रोत केन्द्रको रुपमा विकास गरि धानको विउमा नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ। सहकारी संस्थाको साझेदारीमा संचालित वीउ उत्पादन कार्यक्रम लाई निरन्तरता दिइने छ|
७. माटोको ल्याब स्थापना गरि कृषकहरुको माटो परिक्षण सहुलियतमा गर्ने व्यवस्था मिलाइनेछ। नगरपालिका भित्रै माटो ल्यावको संचालनको व्यवस्था मिलाईने छ|
८. नविनतम प्रविधिबाट कृषि व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ। मागमा आधारित कार्यक्रमलाई प्रस्तावनाको आधारमा जोड दिईने छ।
९. स्यालो टुबेल , सिचाई वैकल्पिक उर्जा, डिप बोरिंग लगायतका लागि संघ र प्रदेश सरकार संग विशेष पहल गरिने छ।
१०. सहकारीसंस्थाहरु संगको साझेदारीमा संचालित मह तथा मौरी प्रवर्द्धन कायक्रमलाई निरन्तरता दिईने छ ।
११. किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिई यस बर्ष सवै वडाको किसान सुचिकरण कार्यक्रम तथ्यांक संकलन कार्य पूर्ण रुपमा सकाईने छ।

## पशुपंक्षी तथा मत्स्य विकास :

१. पशु सेवा प्रसार संरचनाको प्रभावकारी परिचालन तथा सेवा प्रवाहलाई सरल, सहज र कृषकहरुको पहुंचमा हुनेगरी पशुसेवा ईकाइ हरुको सुदृढिकरण गरिनेछ।
२. आवश्यकता अनुसार सम्वन्धित कार्यक्रम निर्देशनालयसंग समन्वय गरि रोग प्रतिरोधात्मक तथा उपचार सेवा, कृत्रिम गर्भाधान सेवा, पशु स्वास्थ्य शिविर, पशुबांझोपन उपचार तथा शिबिर, रोग परिक्षण, पशुमा परजिवी नियन्त्रण, पशु आहारा विकास आदि जस्ता कार्यक्रमहरु मध्ये संभाव्यताको आधारमा कम्तिमा एउटा कार्यक्रमलाई अभियानका रुपमा संचालन गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ।
३. पशु सेवाको पहुँच बढाउन गैर सरकारी संघ संस्था, स्थानीय निकाय, कृषक समूह, समितिसंग समन्वय गरी श्रोतको दोहोरोपना हटाई स्थानीय निकाय, कृषक समुह, समिति एवं गैर सरकारी संघसंस्थाहरुसित सहकार्यमा एकीकृत पशु विकास कार्यक्रमको रुपमा संचालनगरिनेछ।
४. परम्परागत ज्ञान, शीप, प्रविधि र अभ्यासहरुको अभिलेख तथा वैज्ञानिक आधारहरु तयार गरी स्थानीय हावापानी र जलवायु अनुकूलन सुदृढ एवं विस्तार गर्ने अनुकूलन प्रविधिहरुको प्रसार प्रसार गर्ने कार्यक्रम गरिनेछ।
५. कृत्रिम गर्भाधान सेवाको क्षेत्र विस्तार गर्न सम्भाव्य स्थानहरुको पहिचान गरि कृत्रिम गर्भाधान केन्द्रहरु थप गर्ने कार्यक्रमहरु राख्ने र कृत्रिम गर्भाधान सेवा प्रवाहमा निजी क्षेत्रको संलग्नता बढाउदै लगिनेछ।

६. निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मी, पशु सेवासंग सम्बद्ध उद्योग व्यवसाय (फार्म, औषधि पसल, क्लिनिक, दाना पसल) आदिको लगत तयार गरी नियमन गर्ने कार्यक्रम गरिनेछ।

७. सूरक्षा निकायहरुको सहकार्यमा अवैध रुपले भित्रीने पशुपंक्षी तथा माछाको आयात एवं निर्यात नियन्त्रणमा समन्वय गरिनेछ।

८. पशु पालन व्यवसायको व्यसायिकरणसंगै नयाँ प्रकारका रोगको प्रकोप समेत देखा परिरहेको सन्दर्भमा आफ्नो फार्म क्षेत्रमा अपनाउन पर्ने जैविक सुरक्षा सम्वन्धमा कृषकस्तरमा सूसूचित गर्न जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

९. पशुपंक्षी विमा गर्न प्रोत्साहित गरिनेछ।

१०. रतुवामाई नगरपालिकालाई माछा ब्लकको रुपमा विकास गर्ने नीति लिईने छ

## श्रम रोजगार

१. रतुवामाई नगरपालिकाको पञ्चबर्षिय रोजगार रणनिति तयार गरी लागु गरिनेछ।

२. नगर क्षेत्र भरीका वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई सूरक्षित र मर्यादित वैदेशिक रोजगारको बिषयमा अभिमुखीकरण गरिनेछ।

३. अनौपचारिक र स्वरोजगारका क्षेत्रमा रहेका श्रमिकहरुमा सामाजिक सूरक्षा कोषमा आवद्ध गराउन पहल गरिनेछ।

४. "श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सूचिकृत बेरोजगारहरुलाई नगरपालिकाको साझेदारीमा सार्वजानिक पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भारमा प्रयोग गरिनेछ।

६. नगरपालिका क्षेत्र बाल श्रमिकहरुको अवस्थाको अध्ययन गरी वालश्रम मुक्त पालिका बनाउन आवश्यक पहल गरिनेछ।

## उद्यम विकास

१. उद्यम इनोवेसन आईडिया कार्यक्रम संचालन गरि उत्कृष्ट आइडिया ल्याउने रतुवामाईका उद्यमीहरुलाई स्टार्टअप अनुदान उपलब्ध गराइने छ।

२. नगरक्षेत्र भित्रका उद्यम व्यवसायको प्रोफाइल तयार गरिनेछ।

३. गरिबी निवारण का लागी लघुउद्यम विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ।

४. स्थानीय उत्पादनको वाजारिकरण र ब्राण्डीङ्ग गर्ने कार्यलाई प्रोत्सहान गरिने छ।

५. उद्यमशिलता विकास संग सम्बन्धीत कार्यलाई नगरपालिका भित्रका वित्तिय संस्थासंग समन्वय गरी उद्यमी बन्नका लागी प्रोत्साहन गरिनेछ।

## सहकारी

१. सहकारी संस्थाहरुलाई सहकारीको उदेश्य सिद्दान्त र अवधारणा अनुरुप पारदर्शी रुपमा संचालन हुने र उत्पादन एवं रोजगारीमा केन्द्रित हुने व्यवस्थाको अवलम्बन गर्नेमा सहकारी क्षेत्रको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाईनेछ ।
२. कारोबार संचालन नभइ शुन्यतामा रहेका सहकारी संस्थाको खारेजी प्रक्रियालाई अगाडी बनाइनेछ ।
३. सहकारी सञ्चालक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. नमुना सहकारी अवलोकन गरी असल अभ्यासको अनुसरण गरिनेछ।
५. उत्पादनमुलक सहकारीलाई प्रवर्धन गर्ने निति लिइनेछ।

## भुमि व्यवस्थापन

१. नगरपालिकाले सुरु गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवास्थित वासोवासीको व्यवस्थापनलाई टुंगोमा पुर्याउन आवश्यक पहल गरिनेछ ।
२. नगरपालिका भित्र रहेका सम्पूर्ण सार्वजानिक जग्गाहरुको अभिलेख बनाई संरक्षण र सम्वर्दन गरिनेछ।
३. नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरणलाई नियमानुसार व्यावहारिक र समय सान्दर्भिक बनाउदै कार्यन्वयन गरिदै लगिने छ।
४. नगरपालिका क्षेत्र भित्र प्लाटिंग गर्दा अनिवार्य नगरपालिकाको स्वीकृति लिएर मात्र गर्नु पर्ने नीति लिईने छ।
५. वक्राह, रतुवा नदि क्षेत्र भित्र पर्ने जग्गाहरुको लगत तयार गरी त्यसको उचित व्यवस्थापन गरिने छ।

# सामाजिक विकास

## स्वास्थ्य

१. निर्माणाधीन १५ सैयाको नगर अस्पताल भवनलाई समयमा सम्पन्न गराई उच्च स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यहरु गरिनेछ ।
२. जीवनपथको अवधारणा अनुरुप सबै उमेर समुहका नगरवासीहरुको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोर किशोरी, साथै जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धनका लागि विशेष व्यवस्था गरिनेछ।
३. रोग पहिचान एवं उपचारको लागि नि:शुल्क विशेषज्ञ एवं सामान्य स्वास्थ्य शिविर संचालन गरिनेछ।
४. प्रतिकारात्मक,प्रवर्धनात्मक, उपचारात्मक एवं पुनर्स्थापनात्मक लगायतका आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गरिनेछ।
५. रतुवामाईका सम्पूर्ण बालबालिकाको खोपको अधिकार सुनिश्चित गर्नका लागि विगत वर्षहरु झैँ यस वर्ष पनि पूर्णखोप पालिका दिगोपनाको सुनिश्चितता गरिनेछ।

६. नगरपालिकाका प्रसुति केन्द्रहरुमा हुने सुत्केरीलाई प्रोत्साहन गरिनेछ र गर्भवती एवं प्रसुति जटिलता व्यवस्थापनका लागि अन्यत्र रेफरल अस्पताल वा विशिष्टीकृत अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा स्वास्थ्य संस्थाले गर्ने प्रेषणको आधारमा नगरपालिकाद्वारा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

७. घरमा सुत्केरी गराउने कार्यलाई निरुत्साहित गर्दै शुन्य बनाइनेछ |

८. नगरक्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुलाई नगरपालिकाका अस्पताल एवं स्वास्थ्य संस्थाहरुबाट दिइदै आएको नि:शुल्क प्रयोगशाला जांच एवं ग्रामीण अल्ट्रासाउन्ड सेवालाई निरन्तरता दिइनेछ |

९. पोषण मैत्री स्थानीय शासन कार्यान्वयनका लागि विविध कार्यक्रमहरु लागु गरिनेछ | प्रत्येक वडाका पांच वर्षमुनिका बालबालिकाहरु , गर्भवती महिला एवं किशोर-किशोरीहरुको पोषणको अवस्था लेखाजोखा एवं वृद्धि अनुगमन गरिनेछ |

१०. कुपोषित व्यक्तिलाई समयमै व्यवस्थापनको कार्य गरी कुपोषण नभएको सुनिश्चितता प्रत्येक वडा,स्वास्थ्य संस्था एवं विद्यालय तहबाट गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ |

११. गर्भवती एवं सुत्केरी महिलाहरुको पोषण अवस्था सुधार सम्बन्धी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. फोहोर मैला एवं वातावरणीय प्रदुषणको कारणले हुने रोगहरुलाई नियन्त्रण गर्नका लागि खुला दिसामुक्त र पूर्ण सरसफाईयुक्त पालिका सुनिश्चितताको अवस्था कायम राख्नका लागि आवश्यक व्यवस्था गरिनेछ I

१३. वातावरणीय प्रदुषण एवं जलवायु परिवर्तनका कारणले बढिरहेको स्वास्थ्य समस्याहरु न्यूनीकरणका लागि वातावरणीय स्वास्थ्य कार्यक्रम लागु गरिनेछ |

१४. रतुवामाई नगरपालिकालाई क्षयरोग मुक्त नगरपालिका बनाउनको लागि यस तर्फ कार्य अगाडि बढाइनेछ |

१५. रतुवामाईको हालको कुष्ठरोग निवारणको अवस्थालाई कायम राख्दै कुष्ठरोग मुक्त पालिका बनाउनका लागि कुष्ठरोग रोकथाम कार्यक्रमलाई प्राथमिकता दिइनेछ I

१६. रतुवामाईलाई हात्तीपाइले रोग निवारणको अवस्थामा पुर्याई यस रोगबाट हुने रुग्नता एवं अपांगता रोकथामका लागि आवश्यक व्यवस्था गरिनेछ I

१७. रतुवामाई नगरपालिकाको झुर्कियामा रहेको नगर अस्पतालको स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी एवं उन्नत बनाउन दक्ष जनशक्ति, औजार, उपकरण एवं औषधीको निरन्तर आपूर्तिको आवश्यक व्यवस्थापन गरिनेछ।

१८. नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमलाई अझ प्रभावकारी ढंगले संचालन गर्नका लागि स्वास्थ्य बीमा फार्मेसी संचालन गरिनेछ |

१९. रतुवामाई नगरपालिकाको ईटहरा स्वास्थ्य चौकीबाट समेत स्वास्थ्य बीमा कार्यक्रमको प्रेषण सेवा उपलब्ध गराउनको लागि आवश्यक व्यवस्थापन गरिनेछ।

२०. बालबालिकाहरु एवं किशोर-किशोरीको स्वास्थ्य प्रवर्धनका लागि नगरपालिकाका विद्यलायहरुसंग समन्वय एवं सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ |

२१. नसर्ने रोगहरु जस्तै: क्यान्सर, मधुमेह, मृगौला रोग, उच्च रक्तचाप र मुटु रोगको प्रकोप बढ्दै गईरहेको अवस्थामा यी रोगहरुको भारलाई कम गर्नका लागि स्वस्थकर जीवनशैलीलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम एवं स्वास्थ्य शिक्षा र प्रवर्धनात्मक कार्यक्रमलाई जोड दिइनेछ |

२२. सार्वजनिक स्थानमा धुम्रपान, गुट्खा लगायतका सूर्तीजन्य पदार्थ सेवन नियन्त्रणका लागि आवश्यक सुचना सम्प्रेषण साथै अनुगमनको कार्यलाई प्राथमिकतामा राखिनेछ |

२३. आत्महत्या एवं उदासीपन जस्ता मानसिक समस्याहरुको समाधान एवं जीवनमा खुशी प्रवर्धनका लागि आत्महत्या न्यूनीकरण एवं खुशी कार्यक्रम लागु गरिनेछ |

२४. लैंगिक हिंसा, विपदको जोखिममा रहेका एवं अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सुधार सम्बन्धी कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ |

२५. वडाका खोप क्लिनिक एवं गाउँघर क्लिनिकको निर्माण, मर्मत एवं फर्निचरको व्यवस्थापन गरी सेवालाई थप व्यवस्थित बनाइनेछ |

२६. गरिव, विपन्न तथा असहाय परिवारहरुका बिरामीका लागि मोरङ जिल्लाभरिका अस्पतालहरुमा स्वास्थ्य संस्थाले गर्ने प्रेषणको आधारमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

२७. विपन्न, दलित विपन्न एवं पिछडिएका नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउनका लागि कार्यक्रम तर्जुमा गरिनेछ ।

## शिक्षा

१. सामुदायिक विद्यालयहरूमा रहेको पानी चुहिने छानो विस्थापन गरी पठन पाठनलाई प्रभाव पार्न नदिन आवश्यक बजेट विनियोजन गरिनेछ ।

२. विद्यालयमा सफा पिउने पानी र शैचालय नभएका विद्यालयमा शौचालयको व्यवस्थापन गरिनेछ।

३. रंगरोगन गर्न बाँकी रहेका विद्यालयहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम संगको सहकार्यमा विद्यालयमा रंगरोगन गरिनेछ।

४. सामुदायिक तथा सस्थागत बिद्यालयहरुले प्रत्येक शैक्षिक वर्षमा बिद्यालयको कुल बिद्यार्थी सङ्ख्याको अनुपातको आधारमा छात्रबृत्ति दिनुपर्ने नीतिलाई कार्यन्वयन गरिनेछ।

५. गुणस्तरीय शिक्षाको अवधारणा अनुरुप शिक्षालाई अगाडि बढाइने छ।विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा पहुँच सुनिश्चित गरिने छ।

६. विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यायलमा ल्याउने सिकाउने र टिकाउने प्रोत्साहनमूलक कार्यक्रम सहित अभियानका रुपमा सञ्चालन हुने छ।

७. बाल कक्षा देखि कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रम सामुदायिक विद्यालयमा थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

८. "हाम्रो स्कुल , राम्रो स्कुल" अभियान अन्तरगत अभिभावकहरुलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

९. शिक्षकहरुलाई आवश्यकतामा आधारित विभिन्न किसिमका तालिम प्रदान गरिने छ।

१०. सामुदायिक एवं संस्थागत विद्यालय स्तरीय तहका सबै परीक्षामा एक रुपता कायम कक्षा ५ र कक्षा ८ को परीक्षा पालिका स्तरीय रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

११. शैक्षिक सत्रको शुरुवातमा विद्यार्थीका हात हातमा निशुल्क रुपमा पाठ्यपुस्तक पुर्याउने व्यवस्था गरिनेछ ।
१२. SEE तथा कक्षा १२ को परीक्षा सञ्चालन हुने परीक्षा केन्द्रहरुलाई सामाजिक विकास मन्त्रालय र राष्ट्रिय परीक्षा बोर्डसँग समन्वयगरी परीक्षालाई थप व्यवस्थित बनाईने छ ।
१३. विद्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्य कर्ताहरुलाई न्युनतम पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गरिने छ ।
१४. विद्यालयहरुलाई प्रदान गरिदै आएको स्वयंसेवक शिक्षकहरुलाई पुनराबलोकन गरी शिक्षक व्यवस्थाका लागि नतिजामा आधारित अनुदान उपलब्ध गराइने छ ।
१५. शैक्षिक सत्र २०८१ कार्यान्वय गरिएको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरिनेछ ।
१६. नगर शिक्षा समिति मार्फत विद्यालयको अनुगमन गरी भौतिक शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा सुधार गरिनेछ ।
१७. सामुदायिक तथा संस्थागत विद्यालयहरुको अस्वस्थ प्रतिस्पर्धा हटाई सामुदायिक तथा संस्थागत विद्यालयहरु बीच अनुभव आदन प्रदान गरिने छ।
१८. विषयगत शिक्षकहरुको समिति निर्माण गरी विषयगत रुपमा देखा परेका शिक्षक सिकाइका समस्याहरुलाई समाधान गर्न पहल गरिने छ ।
१९. शिक्षा क्षेत्रमा सुधार गर्न नियमित रुपमा प्रधानाध्यापकहरुको बैठक तथा सरोकारहरु सँग अन्तरक्रिया गरिने छ।
२०. न्युन विद्यार्थी संख्या भई सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको आवश्यक्ताको आधारमा कक्षा थप घट गरी शिक्षक विद्यार्थीवीचको अनुपात मिलाइने छ ।
२१. शिक्षाको मुल धारमा रहेका मदर्सा, गुरुकुल जस्ता धार्मिक प्रकृतिका विद्यालयहरुलाई थप व्यवस्थित रुपमा सञ्चालन ग रिने छ ।
२२. नगर स्तरीय प्रधानाध्यापक शिक्षक बालविकास शिक्षक तथा विद्यालय कर्मचारी सम्मान कार्यक्रम तथा अवकास प्राप्त शिक्षक कर्मचारीहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
२३. विद्यालयमा आवश्यक फर्निचरहरु व्यवस्थापन गरिने छ ।
२४. सामुदायिक विद्यालयमा स्काउट कार्यक्रम सञ्चालन गरिने छ ।

## युवा तथा खेलकुद

१. शारीरिक तन्दुरुस्ती र सदाचारिताका लागी खेलकुद भन्ने मुल नाराका साथ खेलकुद क्लब/संघसंथाहरुसंगको सहकार्यमा मेयरकप, महिलाहरुको लागि उपमेयर कप,वडाध्यक्ष कप, विद्यालयस्तरमा बौद्धिक क्षमता अभिवृद्धि गर्ने (MIND GAME)लगायतका विभिन्न आउटडुअर (Outdoor)तथा इनडुअर (Indoor)खेल प्रतियोगिताहरु आयोजना गर्रिंदै आएको कार्यलाई खेलाडी उत्पादन संग आवद्ध गरिनेछ ।

२. खेलकुद गतिविधिको आयोजना, संचालन तथा व्यवस्थापन र खेलाडी प्रशिक्षणका लागि आवश्यक पूर्वाधार सहितको सुविधासम्पन्न खेलमैदानको निर्माण, मर्मत संभार र स्तरोन्नति गर्ने कार्यलाई तीव्रता दिइनेछ।

३. भलिबल, ब्याटमिन्टन, टेवल टेनिस, तेकवान्दो, कराँतेलगायतकाIndoors खेल आयोजना तथा सञ्चालन गर्नका साथै विभिन्न सार्वजनिक कार्यक्रमहरु समेत सञ्चालन गर्न सकिने किसिमको सुविधासम्पन्न नगरस्तरीय बहुउद्देश्य कभर्ड हल(Covered Hall) निर्माणका लागि आवश्यक पहल गरिनेछ।

४. विस्तृत परियोजना प्रतिवेदन(DPR) अनुसार रतुवामाई-४ मा अवस्थित निर्माणाधीन गडिमहाराजथान खेलमैदानको निर्माण कार्यलाई सम्पन्न गर्न निरन्तर पहल गरिनेछ।

५. खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व बिकास गर्न नगरपालिका क्षेत्रमा खुल्लाब्यायामशाला, एरोबिक्स, योग, आत्म रक्षा(Self-Defense)लगायतका कार्यक्रम संचालन गरिनेछ।

६. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ लोकप्रिय खेलहरुको व्यवसायिक प्रशिक्षक उत्पादन गर्न "प्रशिक्षक प्रशिक्षण" तालिम संचालन गरिनेछ।

७. विभिन्न खेलहरुको निर्णायक स्थानिय स्तरमा नै उत्पादन गर्न खेलप्रेमीहरुलाई प्रोत्साहित गरिनेछ।

८. नगरपालिकाको पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा अभिवृद्धि गर्ने उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

९. नगरपालिका क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अबधारणा अन्तर्गत खेलकुद तथा अन्य कार्यक्रमहरु समेत संचालन गर्न बिशेष जोड दिइनेछ |

१०. लागूपदार्थ दुर्यव्यसनी, कुलत,लागूपदार्थ ओसारपसार तथा संगठित अपराध (Organized Crime) बारे युवाहरुका लागिसम्बन्धित निकायको सहकार्य र समन्वयमा कानूनी सचेतनामूलक कार्यक्रमसञ्चालन गरिनेछ।

११. नगरका युवा व्यवसायी तथा उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

## लक्षित बर्ग तर्फ

### महिला

१. महिलाहरु लाई सीपमुलक तालिमहरु प्रदान गरि प्रबिधि हस्तान्तरण गर्ने कार्यक्रम संचालन गरिने छ।

२. हिंसा प्रभावित महिलाहरु लाई सुरक्षीत आवासको स्थापना गर्दै मनोविमर्श स्थापना गरिने छ।

३. पिछडिएका महिलाहरुलाई घरेलु हिंसा लगायत कानुनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरि घरेलु हिंसालाई निराकरण गरिनेछ।

४. विवाहित महिलाहरुलाई शिक्षामा बन्देज नहोस भनि उपमेयर छोरी वुहारी शिक्षा कार्यक्रम संचालन गरी प्रोत्सहान गरिने छ।

### बालबालिका

१. किशोरिहरुलाई आत्मरक्षा गर्न जनचेता प्रदान गरिने छ।

२. बालयौन दुरव्यवहार तथा बढ्दो लागु औषध दुव्यर्सनि नियन्त्रण सम्बन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
३. प्रत्येक वडामा बाल उद्दन स्थापना गरिने छ।
४. बालक्लबलाई सश्तिकरण गरि बालबिवाह, बालश्रम बाट मुक्त गरिनेछ।

## ज्येष्ठ नागरिक

१. जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षणको लागी स्वास्थ्य सिविर संचालन गरिने छ।
२. जेष्ठ नागरिकहरुबाट अनुभव आदानप्रदान गरि अन्तरपुस्ता हस्तान्तरण गर्न प्रोतसाहन गरिने छ।

## अपाङ्गता भएका व्यक्ति

१. कोशी प्रदेश सामाजिक विकास मन्त्रालय र रतुवामाई नगरपालिका संयुक्त लागत साझेदारिमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तगर्त अपाङ्गता न्युनिकरण, शिक्षाको पहुँच, निरन्तर स्वास्थ्य सेवा र आयआर्जन जस्ता कार्यक्रम गरिनेछ।
२. पुर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरुलाई घरघरमै गएर परिचय पत्र वितरण गरिनेछ।
३. अति विपन्न अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचत्र प्राप्त गर्न अस्पताल सम्म जानुपर्ने अवस्था लाई सहजिकरण गरिनेछ।

## आदिवासी जनजाती :-

१. आदिवासी जनजातीहरुको भाषा,लिपी एवं संस्कृती संरक्षण र परम्परागत सीप तथा प्रविधीको संरक्षण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ।
२. कोच समुदायहरुले झल्ला बुन्ने सीपलाई प्रोत्साहित गरी झल्लालाई ब्राण्डिङ गरी व्यसायिकता तर्फ अग्रसर गराइनेछ।
३. स्वास्थ्य र शिक्षाको क्षेत्रमा पहुच अभिवृद्धी गर्न विपन्न आदिवासी जनजातिलाई निशुल्क स्वास्थ्य , शिक्षा तथा सामाजिक सुरक्षाको हक प्रत्याभूत गर्दै पहुचको वातावरण सुनिस्चित गर्ने नीति अवलम्बन गरिनेछ।
४. नेपालमै ताजपूरिया जातीको सबैभन्दा बढि जनसंख्या यस नगरपालिका रहेकोमा ताजपुरिया जातीको भाषा संरक्षणका लागि सम्बन्धित वडाका मा.बि विद्यालयहरुमा भाषा शिक्षकलाई निरन्तरता दिने प्रबन्ध मिलाइनेछ।
५. आदिवासी जनजाति लगायत सबै जाति धर्म संप्रदायको मठ मन्दिर र मृत्यु संस्कार गरिने घाटहरुको क्रमश व्यवस्थापन गरीनेछ।

## दलित:-

१. जातीय छुवाछुतलाई व्यवाहारिक रुपमा अन्त्य गर्न निषेधात्मक, प्रवार्दानात्मक तथा प्रचारात्मक कार्यहरुको संचालन गरिनेछ।
२. दलित समुदायका परम्परागत सीपलाई प्रवर्दन र प्रोत्साहन गरि व्यावसायिकता तर्फ उन्मुख गराईनेछ ।

३. दलित समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गरईनेछ
४. विपन्न दलित परिवारको स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. पन्चे वाजा समुह निर्माण गरी सोको तालिम तथा सामाग्री उपलब्ध गराइने नीति लिईने छ।
६. छुवाछुत तथा विभेद सम्बन्धी कानुनी सचेतानात्मक कार्यहरु संचालन गरिनेछ।
७. प्राविधिक उच्च शिक्षा अध्ययनकालागी छात्रव्रितीको व्यवस्था गरिनेछ ।

## मधेसी मुस्लिम तथा पिछडा वर्ग :-

१. मस्लिम समूदायहरुको मस्जित तथा मदर्शाहरुको सबलिकरणमा जोड दिइनेछ।
२. मुस्लिम समुदायको कबरस्थानहरुलाई व्यवस्थित बनाइनेछ।
३. मधेशी, मुस्लिम तथा पिछडा वर्गका युवाहरुका लागि सिपमुलक तालिम प्रदान गरिनेछ।
४. मधेशी तथा पिछडा बर्गको सामाजिक विकास गर्ने उद्देश्यले सचेतनात्मक कार्यक्रहरु संचालन गरिनेछ।

## सरसफाई तथा खानेपानी

१. नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न स्थानका खानेपानी आयोजनाहरुलाई संघ तथा प्रदेश संगको समन्वयमा सम्पन्न र संचालन गर्दै लगिनेछ।
२. "स्वच्छ, सुन्दर र हरित नगर रतुवामाईको रहर" भन्ने मुल नाराका साथ रतुवामाई नगरपालिकालाई स्वच्छ सफा बनाउन आवश्यक कार्य गरिनेछ।
३. मुख्य मुख्य चोक बजारको फोहोर संकलन कार्यलाई नियमित बनाइनेछ।
४. खानेपानी गूरुयोजना निर्माण गरी रतुवामाई नगरपालिका सवै नागरिकले स्वच्छ र सफा खानेपानी पिउन पाउने अधिकारको सुनिश्चितता गराइनेछ।
५. गरिब विपन्न परिवारलाई शुध्द खानेपानी उपलब्ध गराउने उद्देश्यले फिल्टर वितरण गरिनेछ।

## कला तथा साहित्य

१. "स्रष्टाको सम्मान हाम्रो अभियान" भन्ने नाराका साथ रतुवामाई नगर क्षेत्र भित्र रहेका स्रष्टाहरुको सम्मान कार्यक्रम संचालन गरिनेछ।
२. विद्यालयस्तरमा साहित्य र कला सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ।
३. रतुवामाई आइडल लाई पुन: संचालनमा ल्याइनेछ।
४. रतुवामाई नगरपालिका क्षेत्र भित्र साहित्यका विभिन्न विधामा कलम चलाउने स्रष्टाहरुको प्रतिनिधिमुलक रचनाहरुको संग्रह प्रकाशनका लागि प्रोत्साहित गरिनेछ।

## धर्म तथा संस्कृति

१. नगरपालिका क्षेत्र भित्र परापुर्वकालदेखि मानिदै आएका सम्पूर्ण धर्म तथा संस्कृतिको जगेर्नागर्दै लगिनेछ।

२. स्थानीय पर्व तथा संस्कृतिक चाडपर्वको सम्मान स्वरूप दिईदै आएको स्थानीय विदालाई निरन्तरता दिईने छ।
३. विभिन्न धर्मावलम्बीहरुको संस्कारलाई सम्मान गर्दै धार्मिक सहिष्णुता कायम गराउन अन्तर धार्मिक शान्ती संजाल गठन गरिने छ।
४. नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न धर्मका दाहसंस्कार स्थलहरुलाई सुविधा सम्पन्न बनाउदै लगिने छ।

**वन तथा वातावरण**

१. रतुवामाई नगरपालिका वडा नम्बर १ मा अवस्थित भल्खुवा जंगललाई नमुना वनको रुपमा विकास गरिनेछ।
२. निजि वनलाई विस्तार गर्न आवश्यक प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ।
३. "एक घर दुई बिरुवा" भन्ने नाराका साथ घर नक्सा पास गर्दा दुइ रुखका विरुवा रोप्न अनिवार्य बनाइ हरियाली प्रवर्धन गरिनेछ।
४. सडक किनारमा फल तथा फुल को बिरुवा रोपी प्राकृतिकरुपमा सडक सजावट गर्न नगरबासीलाई प्रोत्साहित गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

### नीति कानुन तथा सुशासन

१. संविधान प्रदत्त अधिकारहरुको कार्यान्वयन गर्न रतुवामाई नगरपालिकाको आवश्यक ऐन तथा कार्यविधि तयार गरिदै लगिनेछ।
२. रतुवामाई नगरपालिकाले हाल सम्म निर्माण गरेका ऐन तथा कानुनको सङ्ग्रह प्रकाशन गरिनेछ।
३. मासिकरुपमा प्रगति प्रतिवेदन, चौमासिक रुपमा समिक्षा, अर्धबार्षिक रुपमा सार्वजानिक सुनुवाइ र बार्षिकरुपमा सामाजिक परिक्षण कार्यक्रम संचालन गरी नगरको सेवा प्रवाहलाई पारदर्शी बनाइनेछ।
४. Digital वडा पत्रको निर्माण गरी नगरबाट प्रवाह हुने सेवा बारे नगरबासीलाई सुसुचित गराइनेछ।
५. भ्रष्टचारमा शुन्य सहशिलता नितिलाई अवलम्बन गरिनेछ।
६. "सामान्य काम छिनभरमा : जटिल काम दिनभरमा" भन्ने नाराका साथ सेवाग्राहीको कामलाई चुस्त र सेवाग्राही मैत्री बनाइने छ।
७. नगरपालिकाको प्रतिक चिन्ह "लोगो" लाई नगरपालिका अन्तर्गतका कार्यालयहरुमा अनिवार्य प्रयोग गरिनेछ।

### विद्युतीय सुशासन :

१. नगरपालिकाको कार्यालय, वडा कार्यालय, मातहतका स्वास्थ्य कार्यालयहरुमा विद्युतिय हाजिरीलाई अनिवार्य बनाइ विद्यालयहरुमा पनि विद्युतिय हाजिरी संचालनमा ल्याइनेछ।

२. राष्ट्रिय परिचय पत्र बनाउन बाँकी रहेका नगरबासीहरुको रा.प.प बनाउनका लागी सम्बन्धित निकायको समन्यवयमा राष्ट्रिय परिचय पत्र डेक्स निर्माण गरिनेछ।

३. नगरपालिकाको वेबसाइट (Website) बाट नै नगरपालिकाबारे सम्पुर्ण जानकारी प्राप्तहुने गरी वेबसाइट (Website) लाई पुर्ण बनाइनेछ।

४. नगरपालिकाले जडान गरि संचालनमा ल्याएको फ्री वाई फाई थप व्यवस्थापन गरी निरन्तरता दिईने छ।

५. नगरपालिकाले मुख्य चौक तथा सडकमा जडान गरि संचालनमा ल्याएको सिसि क्यामेराहरुलाई थप व्यवस्थापन गरी निरन्तरता दिईने छ।

६. नगरपालिकाको योजना, सिफारिस लगायतमा हुने कागजी प्रक्रियालाई सरल र सहज बनाउदै नियमानुसार हुनेगरी सेवा प्रवाहलाई डिजिटलाइज्ड गर्दै लगिनेछ।

७. सामाजिक सूरक्षा भत्ताको लाभग्राहीलाई बायोमेट्रिक प्रणालीमा अनिवार्य आवध्द गराईने छ ।

## कर प्रशासन

१. राजश्व सुधार योजनालाई लागु गरिनेछ।

२. आर्थिक ऐन लाई कडाइकासाथ कार्यान्वयनमा ल्याइनेछ।

३. Digital Online wallet बाट नै कर भुक्तानी गर्न मिल्ले गरी व्यवस्था मिलाइनेछ।

४. करको दायरामा बृद्धि गरी करको दरमा समानुकुल परिमार्जन गर्दै लगिनेछ।

५. करदाता शिक्षा संचालन गरी करको दायरामा आउन करदातालाई प्रोत्साहित गरिनेछ।

## न्यायिक समिति

१. नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने न्यायिक कार्यलाई चुस्त र नागरिक मैत्री बनाउदै लगिनेछ।

२. प्रत्येक वडामा मेलमिलाप समितिको गठन गरी वडाबाटै मेलमिलाप सम्बन्धि कार्यलाई व्यवस्थित गरिनेछ

## अन्य

१. नगरपालिकाको वृहत्तर विकासका निम्ती सम्पूर्ण नगरवासीको भावना समेटिने गरि नगरपालिकाको गुरु योजना ( Master plan) तयार गरि सोहि अनुसारका क्रियाकलाप संचालन गरिनेछ।

२. असल अभ्यासको अनुकरण गर्नका निम्ती अन्य पालिका हरु संग भगिनी सम्बन्ध कायम गरि नगरपालिकाको सम्बन्ध विस्तार गर्न आवश्यक पहल गरिने छ। पालिका सदस्य रहेको विगो (WeGo) अन्तराष्ट्रिय संस्थाको सदस्यतालाई नवीकरण गर्दै संस्थाले आयोजना गर्ने कार्यक्रम हरुमा पालिकाको सहभागिता जनाईनेछ।

३. रतुवामाई नगरपालिकाले अङ्गीकार गरेको नीति कार्यक्रम कार्यान्वयनको लागि कार्ययोजना बनाई समयमै गुणस्तरीय सेवा प्रवाह गर्ने नीति लिईने छ।

# आ.व. २०८१/८२ को लागि प्रस्तावित अनुमानित बजेट

आगामी आर्थिक वर्ष २०८१/८२का लागि यस रतुवामाई नगरपालिकामा संघीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगतको वित्तीय समानीकरण अनुदान रु. १५,५१ ,००,०००।– ( अक्षेरुपी रु पन्ध्र करोड एकाउन्न लाख) संघीय सरकारबाट राजश्व बाडफाडबाट रु. १३,३७,००,०००।- (अक्षेरुपी रु तेह्र करोड सट्तिस लाख रुपैया) , घर जग्गा रजिस्ट्रेसन करको बाडफाडबाट प्राप्त हुने रु. ३,३०,००,०००।– (अक्षेरुपी रु तिन करोड तिस लाख) , प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण अनुदान रु. ९९,१२,०००।– (अक्षेरुपी रु उनान्सय लाख बाह्र हजार), प्रदेश सरकारबाट सवारी साधनको कर बाडफाडबाट रु. ७२,५५०००।– (अक्षेरुपी रु बहत्तर लाख पचपन्न हजार), नगरपालिकाको आन्तरिक आम्दानि रु. २,५०,०००००/- (दुई करोड पचास लाख) अनुमानीत अ.ल्या रु. २८६१०००९/- (अक्षेरुपी रु दुईकरोड छयासीलाख दश हजार नौ रुपैया मात्र) , स्थानीय राजश्व बाडफाड बाट रु.५,००,०००/- ( पाच लाख रुपैया) त्यसैगरि संघीय शसर्त अनुदान चालु तर्फ रु.२९,९२,००,०००/- , (अक्षेरुपी रु उनन्तिस करोड बयानब्बे लाख ) संघीय शसर्त अनुदान पुजीगत तर्फ रु.२,८५,००,०००/- , (अक्षेरुपी रु दुई करोड पचासी लाख) प्रदेश सरकार सशर्त अनुदान चालु तर्फ रु ३३,३३,०००।- , ( तेत्तिस लाख तेत्तिस हजार ) प्रदेश सरकार सशर्त अनुदान पुजीगत तर्फ रु २,२४,००,०००।- , (दुई करोड चौबिस लाख) प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु.१,३०,००,०००/-( एक करोड तिस लाख ), संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु.८०,००,०००।-, (अक्षेरुपी रु असि लाख ) , धरौटी जफत वापतको रकम रु. २,१५,२२,९९१/- दुई करोड पन्ध्रलाख बाइस हजार नौ सय एकानब्बे) गरि कुल जम्मा रु. ७८,९०,३३,०००/- (अक्षेरुपी रु अठत्तर करोड नब्बे लाख तेत्तिस हजार ) रुपैया बराबरको अनुमानित बजेट आगामी आ.व. ०८१/८२ को लागी प्रस्तुत गरिएको छ ।